# शिखर इन्स्योरेन्स कम्पनी लि.

दशौं
वार्षिक साधारण सभा
को
निर्णय पुस्तिका(माइन्यूट)

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३
पोष्ट बक्स नं. १०६९२,

विषय : <u>दशौं वार्षिक साधारण सभाको निर्णय</u>

आदरणीय शेयरधनी महानुभावहरु,

२०७१ फागुन २२ गतेका दिन कम्पनीको केन्द्रिय कार्यालय, शिखर बिज सेन्टर, थापाथलीमा बसेको यस कम्पनीका दशौं वार्षिक साधारण सभाबाट पारित निर्णय जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

कम्पनी सचिव

शिखर इन्स्योरेन्स कम्पनी लि.
दशौं वार्षिक साधारण सभाको
निर्णय विवरण

## १. वैधानिक सभा :

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको दशौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रीय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७१ फागुन २२ गते शुक्रवार साँझ ४:०० बजे प्रारम्भ भई साँझ ५:३० बजे सम्पन्न भयो ।

## २. सूचना प्रकाशन :

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७१ माघ २८ गते अगावै दशौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०७०/०७१ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७१ माघ २७ गते अभियान राष्ट्रिय दैनिक र सोही सुचना २०७१ माघ २८ गते कान्तिपुर राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

## ३. (क) संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री विकास जंगबहादुर राणा | अध्यक्ष |
| २. लोमस इन्भेष्टमेन्ट क.प्रा.ली.को तर्फवाट श्री प्रदिप जङ्ग पाण्डे | संचालक |
| ३. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक |
| ४. श्री गौरव अग्रवाल | संचालक |
| ५. श्री इन्द्र प्रसाद कर्माचार्य | संचालक |
| ६. श्री किरण शेखर अमात्य | संचालक |
| ७. श्री वुद्ध एयर प्रा.ली.को तर्फवाट रमेश कुमार लुइटेल | संचालक |
| ८. आँ छिरि शेर्पा | संचालक(अनुपस्थित) |

(ख) पर्यवेक्षक :

१. नेपाल धितोपत्र वोर्ड - भरतराज अर्याल
२. कम्पनी रजिष्ट्रारको कार्यालय - खेम राज खत्रि (सहायक रजिष्ट्रार)

४. छलफलका विषयहरुको सूची :

<u>छलफलका विषयहरु:</u>

१. सामान्य प्रस्ताव:

क. आ.व.२०७०/७१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

ख. आ.व.२०७०/७१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने बारे ।

ग. संचालक समितिवाट प्रस्तावित रु.३१,३४,४४२/– नगद लाभांश पारित गर्ने (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ)

घ. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७१/०७२ को लागि लेखा परिक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने ।

ङ. विविध ।

२. विशेष प्रस्ताव:

क. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुंजीको २० प्रतिशत बोनस शेयरको प्रस्ताव पारित गर्ने । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविक कै शेयर स्वामित्व (पुंजी प्रतिशत) कायम राख्ने गरी जारी पुंजी तथा चुक्ता पुंजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने ।)

ख. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम सर्वसाधारण समुहमा कुल चुक्ता पुंजीको ( आ.व.२०७०/०७१ को वोनश शेयर पश्चात) न्युन्तम ३०% शेयर स्वामित्व पुर्‍याउन कम्पनी ऐन २०६३ को दफा २९ वमोजिम प्रिमियममा शेयर जारी गरी पुंजी वृद्धि गर्ने र सो सम्वन्धी सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ग. सर्वसाधारण समुहको शेयर स्वामित्व न्युन्तम ३०% कायम गर्न अपनाउनु पर्ने विधि प्रक्रिया निर्धारण गर्ने सम्वन्धमा तथा यस विषयमा पछि नियमणकारी निकाय वा कार्यालयवाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिईएमा सो समेत मिलाई संशोधन गर्न तथा सर्वसाधारण समुहमा न्युन्तम ३०% शेयर स्वामित्व कायम गर्नु पर्ने अन्य सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

घ. पुंजी वृद्धिको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने ।

काठमाडौं

५. **सभाको गणपुरक संख्या :**

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | २२६७ | २६२ | ९.३५ |
| शेयर संख्या | २९७७७२० | २३२८५३६ | ७८.२० |

६. **सभाको वैधानिकता र अध्यक्षता :**

साधारण सभाको कार्यवाही शरु हुनु अघि कम्पनी सचिव श्री निलेश रत्न तुलाधर ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पूरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पूरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणा ज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

७. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :**

कम्पनीको दशौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूले विषय-सूची अनुसार संचालक समितिको आ.व.२०७०/०७१ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सम्वन्धमा संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै कम्पनी एक दशकमा सफल बीमा कम्पनीको रुपमा स्थापित भई आ.व. २०७०/०७१ म रु.१०० करोड भन्दा वढी बीमा शुल्क आर्जन गर्ने पहिलो निर्जिवन बीमा कम्पनी हुनुको साथै Best Managed Non-Life Insurance Company को पुरस्कार प्राप्त गर्न सकेकोमा सम्पुर्ण व्यवस्थापन तथा सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक वधाई तथा धन्यावद दिनुको साथै नियामक निकायहरु - बीमा समिति, नेपाल धितोपत्र वोर्ड, नेपाल धितोपत्र विनिमय वजार, कम्पनी रजिष्ट्रार, नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व विभाग, नेपाल पुनर्विमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता तथा विभिन्न वित्तीय संघ संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । कम्पनीले राष्ट्रिय महत्वको कृषि तथा स्वास्थ बीमा तथा दुर्गम क्षेत्रमा शाखा कार्यालय विस्तारका कार्यहरुमा कम्पनी तत्परताका लागी परेको जानकारी गराउनु भयो । आउँदा दिनहरुमा कम्पनीको पुँजी वृद्धि गरी कम्पनीको वित्तीय अवस्था सुदृढ गर्दै कम्पनीका शेयरधनीहरुलाई नियमित रुपमा आकर्षक प्रतिफल दिने योजना रहेको जानकारी गराउनु भयो । कार्य-सुची वमोजिमको प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण शेयरधनी महानुभावहरुले स्वीकृत गर्नु हुने आशा व्यक्त गर्दै कम्पनीको हालको अवस्थाको तुल्नात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरुको सम्वन्धमा साधारण सभामा प्रस्तुत गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेलाई निर्देशन प्रदान गर्नु भयो ।

कम्पनीको हालको अवस्थाको तुल्नात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरु प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डे ज्यूले निम्नानुसार प्रस्तुत गर्नु भयो -

- स्थापना भएको दश वर्षमा अग्रणी कम्पनीको रुपमा स्थापित हुन सफल भएको जानकारी गराउनु भयो ।

- कम्पनी वित्तीय रुपमा सुदृढ रहेको तथा खुद धारण र नेटवर्थमा वृद्धि भएको जानकारी गराउनु भयो ।
- कम्पनीको बीमा बजार हिस्सा उपस्थिति १२% रहेको, बीमा क्षेत्रमा यस कम्पनीले Brand Name स्थापित गरी ग्राहकहरुको विश्वास जित्न सफल भएको जानकारी गराउनु भयो । कम्पनी क्षेत्रीय कार्यालयको अवधारणामा अघि बढिसकेको सम्वन्धमा सभामा अवगत गराउनु भयो ।
- अण्डरराईटिङ्ग विभागद्वारा उचित जोखिम मुल्याङ्कन गरेर मात्रै बीमालेख जारी गरिएको हुँदा कुशल जोखिम व्यवस्थापन भएको जानकारी गराउनु भयो ।
- दावी व्यवस्थापन कार्यका लागि अनुभवि तथा दक्ष जनशक्तिद्वारा छिटो छरितो रुपमा दावी भुक्तानी गर्ने कार्य कम्पनीको प्रथमिकतामा रहको हुँदा ग्राहकहरुको विश्वास जित्नमा सहयोग पुगेको जानकारी गराउनु भयो ।
- कम्पनीले नेपालको कुनै पनि भुभागवाट छिटो छरितो रुपमा बीमालेख जारी गर्न तथा अन्य आन्तरिक नियन्त्रणको संयत्रको रुपमा सफ्टवेयरले सहयोग गरेको व्यक्त गर्नु भयो ।
- कम्पनीका सक्षम कर्मचारीहरुको अथक प्रयासले कम्पनीको लक्ष्य पुरा गर्न सहयोग पुगेको धारणा व्यक्त ।
- बीमा समितिले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आई रहेको र परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै गएको धारणा व्यक्त ।
- मुख्य वित्तीय सुचक सम्वन्धमा कम्पनीको तुल्नात्मक विवरण सभामा प्रस्तुत गर्नु भयो
- कम्पनीले नेपालको दुर्गम क्षेत्र लगायत सम्पुर्ण भागमा बीमा सेवा पुऱ्याउने लक्ष्य अनुरुप हाल सम्म २२ वटा शाखा कार्यालय स्थापना गरि सकिएको र यस आ.व.को अन्त सम्ममा ३० शाखा कार्यालय पुऱ्याउने लक्ष्य लिएको जानकारी गराउनु भयो ।
- नेपालको बैंक ताथ वित्तीय संस्थाहरु ग्रामिण भेगहरुमा पहुँच भए संग संगै बीमा सेवाको पनि वृद्धि, कृषि तथा पशु पंछी बीमा, स्वास्थ बीमा र वढ्दो भौतीक संरचना सम्वन्धी आयोजनाहरुले गर्दा बीमा सेवाको अवसर वृद्धि हुने वताउनु भयो ।
- कम्पनीको पुँजी वृद्धि गरी जोखिम धारण क्षमतामा वृद्धि, नियामक निकायद्वारा समय सापेक्ष पुँजी सम्वन्धी निर्देशिका, अन्य कम्पनीहरुसंग प्रतिस्पर्धा गर्न सहयोग पुग्ने हुँदा FPO द्वारा पुँजी वृद्धि गरिने सम्वन्धमा जानकारी गराउनु भयो । साधारण सभाद्वारा FPO जारी गर्ने विशेष प्रस्ताव पारित गरी Merchant Banker तथा अन्य विज्ञ हरुसंग छलफल गरी प्रक्रियामा जाने व्यहोरा अवगत गराउनु भयो ।
- कम्पनीको व्यवस्थापन खर्च को विभिन्न शिर्षक वृद्धि हुनुको मुख्य कारणहरु मध्ये शाखा कार्यालय विस्तार, थप कर्मचारी नियूक्ति तथा जारी बीमालेखमा उल्लेख्य वृद्धि रहेको जानकारी गराउनु भयो ।
- राजनितिक अस्थिरता Staff turnover, जालसाजी तथा झुठा दावी, लगानीमा न्यून प्रतिफल जस्ता चुनौतीहरु रहेको जानकारी गराउनु भयो ।

## ८. छलफलको लागि आह्वान :

अध्यक्षज्यूले आ.व.२०७०/०७१ को संचालक समितिको दशौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्ष उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नुभएको थियो ।

क. श्री अमृत नाथ रेग्मी
ख. श्री तीर्थराज वसौला
ग. श्री माधव कुमार श्रेष्ठ
घ. श्री मेजर कुवेर श्रेष्ठ
ङ. श्री नर्सिङ्ग लाल चखु
च. श्री इन्द्र कृष्ण श्रेष्ठ

## ९. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :

*९.१.श्री अमृत नाथ रेग्मी*

- Best managed Non-Life Insurance Company भएकोमा Appreciation प्रदान
- स्थिर सम्पतिको Current valuation गर्न सुझाव
- FPO मा हाल कायम रहेको शेयर धनीहरुले समेत खरिद गर्न सकिने गरी व्यवस्था गर्न हुन आग्रह
- क्षेत्रीय कार्यालयको अवधारणामा जान आग्रह

९.२.श्री माधव कुमार श्रेष्ठ

- विगतका वर्षहरु भन्दा चाँडो साधारण सभा गर्न सकेको र निरन्तर वोनश शेयर दिएकोमा धन्यवाद व्यक्त
- कम्पनीको नेटवर्थ वढेकोमा खुशि व्यक्त
- आगामी वर्षको खुद नाफा र व्यवसायिक लक्ष्य सम्वन्धमा जिज्ञासा व्यक्त
- Compound Annual Growth rate वारेमा जिज्ञासा व्यक्त
- बीमा समितिको निति नियम, देशको राजनितिक अवस्था, संचालक समितिको कुशलता र शेयरधनीको व्यवसायिकताले कम्पनीको कार्य परिणाममा सकारात्मक भुमिका खेल्ने धारणा व्यक्त ।

*९.३.तीर्थराज वसौला*

- आ.व.२०७०।०७१ को संचालक समितिको प्रतिवेदन सम्वन्धमा साकारात्मक सुझाव दिनु भयो ।

९.४.श्री मेजर कुवेर श्रेष्ठ

- आउँदो दुई वर्षमा बीमालेख संख्या तीन लाख (नेपालको जनसंख्याको एक प्रतिशत) पुऱ्याउने लक्ष्य लिनु पर्ने आग्रह
- वैदेशिक रोजगारका लागि जाने श्रमिकहरुको ५ देखी १० प्रतिशत बीमा शिखर इन्स्योरेन्स कम्पनीले गर्नु पर्ने सुझाव
- शिखर इन्स्योरेन्स कम्पनीका शेयरधनीहरुले शिखर इन्स्योरेन्समा बीमा गर्दा Share Holder's Benefit Scheme अन्तर्गत सुविधा दिनु पर्ने अनुरोध
- बीमा कम्पनीको पहलमा शिक्षा मन्त्रालय मार्फत नेपालको विभिन्न तहका पाठयक्रममा बीमा शिक्षा समावेश गर्न पहल गर्नु पर्ने धारणा व्यक्त
- ठुला ठुला परियोजना हरुमा बीमा सेवा दिन रणनिति तयार पार्नु पर्नेमा जोड ।
- शिखर इन्स्योरेन्स कम्पनीको नेपालको राजस्वमा ठुलो योगदान रहेको धारणा व्यक्त

९.५. श्री नर्सिङ्ग लाल चखु (लिखित मन्तव्य)

- कम्पनीले बीमा व्यवसायका साथै DPS, MPPS, PE Ratio, Management Information System मा प्रगती गरेको देखिन्छ भनि प्रशंशा गर्नु भयो ।
- शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिईएकोमा कम्पनीको सम्पुर्ण पक्षलाई धन्यवाद व्यक्त ।
- हवाई, कृषि तथा पशुपंछी बीमामा कम्पनीले प्रगती गर्नु पर्ने धारणा व्यक्त ।
- हाईड्रो, कृषि, स्वास्थ, पर्यटन, शिक्षा, क्षेत्रमा लगानी गरे नाफामुलक हुने धारणा व्यक्त
- सांगठनिक, व्यवस्थापकिय, वित्तीय शुसासनको पालना भएको धारणा व्यक्त ।
- झुठा दावी, गलत भुक्तानी प्रति कम्पनी सजग रहनु पर्ने धारणा व्यक्त ।
- Market Risk, Operational Risk, Currency Risk प्रति सजग रहनु पर्ने धारणा व्यक्त ।
- मानव संशासधन विभागलाई प्रशिक्षण, सेवा सुविधा, उत्प्रेरणामा मनन गर्नु पर्ने वताउनु भयो ।
- शाखा कार्यालयको कार्यहरुमा अनुगमन गरी ती शाखाहरु नाफामा संचालन हुनु पर्ने धारणा व्यक्त ।
- अन्तमा कम्पनीको प्रगतीको कामना गर्नु भयो ।

९.६. श्री इन्द्र कृष्ण श्रेष्ठ (लिखित मन्तव्य)

- कम्पनीले १०० करोड बीमाशुल्क आर्जन गरी शिर्ष कम्पनी हुन सफल भएकोमा वधाई दिनु भयो ।
- शेयर धनीहरुलाई वुझाउन वाँकी लाभाँश रकम प्रति जिज्ञासा व्यक्त ।

काठमाडौं

१०. **शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री विकास जंग बहादुर राणाज्यूको प्रतिउत्तर :**

- शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरु अहम र महत्वपुर्ण भएको जानकारी गराउँदै सुझावहरु मनन गर्दै पालना गर्ने र आउँदा वार्षिक साधारण सभामा सोको आभाष हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । अगामी साधारणसभामा अझ राम्रो परिणाम दिने विश्वास दिलाउन प्रयत्न गरिने जानकारी गराउनु भयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- सम्पत्तिको Current Valuation सम्वन्धमा अगामी वार्षिक साधारण सभामा जानकारी गराउने सम्वन्धमा प्रतिवद्धता व्यक्त
- FPO का लागि हाल भई रहेका शेयरधनी समेतले शेयर लिन पाउने सम्वन्धमा कानुन अनुरुप जाने धारणा व्यक्त ।
- कम्पनी क्षेत्रीय कार्यालय अवधारणा अनुसार नै अघि वढिरहेको जानकारी गराउनु भयो ।
- शेयरधनी महानुभाव ज्यूहरुले दिनु भएको सल्लाह सुझावहरुलाइ अध्ययन गरी अगामी दिनहरुमा अनुशरण गर्दै जाने प्रतिवद्धता व्यक्त ।
- अगामी दिनहरुमा कम्पनीले तीन लाख बीमालेख जारी गर्ने लक्ष्य राखी अगाडी वढने धारणा व्यक्त ।
- वैदेशिक रोजगारमा जानेहरुको हकमा सवै प्रकारको मृत्यू वहन हुने भएको हुँदा निर्जीवन बीमा कम्पनीले बीमालेख जारी गर्न नपाईने जानकारी गराउनु भयो ।
- शेयर धनीहरुको बीमा गर्दा विशेष सुविधा दिने कुरामा बीमा समितिले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिका पालना हुने गरी सुविधा दिने व्यहोरा जानकारी गराउनु भयो ।
- बीमा शिक्षाका सम्वन्धमा सम्वन्धीत निकायहरुमा बीमक संघ मार्फत पहल गर्ने जानकारी गराउनु भयो ।
- शेयरधनीहरुले लिन वाँकी लाभाँशको सम्वन्धमा पटक पटक पत्रिका तथा कम्पनीको सुचना पाटीमा सुचना प्रकाशन गरिएको जानकारी गराउनु भयो ।

११. **वार्षिक साधारण सभाको निर्णय :**

१. आ.व.२०७०/७१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०७०/७१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

३. संचालक समितिवाट प्रस्तावित रु.३१,५३,६३२/–(प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ खण्डित शेयर समेत) नगद लाभांश सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो

४. आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने बारेमा लेखा परिक्षण समितिद्वारा प्रस्तावित वि.के.अग्रवाल एण्ड कम्पनीलाई नियुक्ति गर्ने र निजको पीरिश्रमिक कर वाहेक रु.२,२०,०००।- प्रदान गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

५. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको २० प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविककै शेयर स्वामित्व ( पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संशोधन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।)

६. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम सर्वसाधारण समुहमा कुल चुक्ता पुँजीको आ.व.२०७०/०७१ को वोनश शेयर पश्चात) न्युनतम ३०% शेयर स्वामित्व पुऱ्याउन कम्पनी ऐन, २०६३ को दफा २९ वमोजिम प्रिमियममा शेयर जारी गरी पुँजी वृद्धि गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो र सो सम्वन्धी आवश्यक सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

७. सर्वसाधारण समुहको शेयर स्वामित्व न्युनतम ३०% कायम गर्न अपनाउनु पर्ने विधि प्रक्रिया निर्धारण गर्ने सम्वन्धमा तथा यस विषयमा पछि नियमणकारी निकाय वा कार्यालयवाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिईएमा सो समेत मिलाई संशोधन गर्न तथा सर्वसाधारण समुहमा न्युन्तम ३०% शेयर स्वामित्व कायम गर्नु पर्ने अन्य आवश्यक सम्पुर्ण कार्यहरु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

८. पुँजी वृद्धिको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

**१२. धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी दशौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

निलेश रत्न तुलाधर
कम्पनी सचिव

विकास जंग बहादुर राणा
अध्यक्ष